# ऋषिङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३ मितिः २०८०/०७/२२

## ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि-२०८०

भाग-२

ऋषिङ गाउँपालिका, तनहुँ

# ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि-२०८०

**प्रमाणीकरण मिति : २०८०।७।१९**

**प्रस्तावना :**

ऋषिङ्ग गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवद्र्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम ऋषिङ्ग गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “ऋषिङ्ग गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०८०” रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएकोमिति देखि लागू हुनेछ।

**२. परिभाषा :** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) “कार्यविधि” भन्नाले ऋषिङ्ग गाउँपालिका व्यवसाय दर्ता कार्यविधि-२०८० सम्झनुपर्छ।

(ग) “गाउँपालिका” भन्नाले ऋषिङ्ग गाउँपालिका सम्झनुपर्दछ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) “वडा कार्यालय” भन्नाले ऋषिङ्ग गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालय सम्झनुपर्दछ।

**३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्ने:**

गाउँपालिका क्षेत्रभित्र अनुसूची–१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि दर्ता नभई सञ्चालनमा आएका व्यवसायले यस कार्यविधि बमोजिम दर्ता गरि सञ्चालन गर्नुपर्नेछ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–२ मा उल्लेखित

ऋषिङ्ग गाउँपालिका, तनहुँ

ढाँचाको दरखास्त फाराम भरी वडा कार्यालय/ गाउँपालिकामा दिनु पर्नेछ।यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छः–

क) व्यवसायको नाम र ठेगाना, र फोटो PP साईज २ प्रति

ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,

घ) लगानी रकम

ङ) व्यवसायीको नाम र ठेगाना,

च) ब्यवसायीको नागरिकताको प्रतिलिपि,

छ) व्यवसाय रहने घरधनी / जग्गाधनी प्रमाण पत्र प्रतिलिपि १ पाना।

ज) घर जग्गा भाडामा लिई ब्यबसाय संचालन गरेको हकमा सम्झौता पत्र ।

झ) चौतर्फी सधियारको सहमति पत्र र नागरिकताको फोटोकपी।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिका/वडा कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ताभएपछि सम्बन्धित गाउँपालिका/वडा कार्यालयले दर्ताभएको व्यवसायको विवरण अनुसूची–३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची–४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउँनुपर्नेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नुपर्ने भएमा ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

**५. व्यवसायको नविकरण गर्नुपर्नेः**

दफा ४ बमोजिम वडामा दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ। नविकरण शुल्क ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ। एक आर्थिक वर्षभन्दा बढी नविकरण नभएमा प्रत्येक वर्षको शुल्कमा १० प्रतिशत जरीवाना लिएर पुन: नवीकरण गर्न सकिनेछ।

**६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** दफा नं ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध (१५) दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी गाउँपालिका/वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

उपदफा (१) बमोजिम निवदेन परेमा गाउँपालिका/वडा कार्यालयले आवश्यक जाँचबुझ गरी ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँ सारीको लागि निवेदन परेमा गाउँपालिका/वडाकार्यालयले आवश्यक जाँचबुझ गरी वडा कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिश प्राप्त भएकोमा नामसारी हुने ठाउँ गाउँपालिका/वडा कार्यालयले ब्यबसाय दर्ता कितावमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउ'सारीको जानकारी दिनु पर्नेछ।

उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने गाउँपालिका/वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित वडा कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीकोलागि निवेदन पेश गरेपछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित वडा कार्यालयको हुनेछ।

ऋषिङ्ग गाउँपालिका, तनहुँ

**८. वडा कार्यालयले विवरण माग गर्न,निर्देशन दिन र अनुगमन गर्न सक्ने :**

कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा वडा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिनसक्नेछ।

यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ। यस सम्बन्धमावडा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

**९. व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने :**

गाउँपालिका/वडा कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

**१०. व्यवसाय दर्ता खारेज गर्न सकिनेः**

यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित गाउँपालिका/वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयलेआवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार असूल गरी लगत कट्टा गरिदिने छ।

प्रचलित कानून विपरित कारोबार गरेमा, पेशाव्यवसाय संचालन गरेमा वावडा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा वडा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ।

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्वव्यवसायीलाई सफाई पेश गर्ने मौका पर्याप्त दिनु पर्नेछ।

उपदफा (४) बमोजिम वडा कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको

ऋषिङ गाउँपालिका, तनहुँ

नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसायदर्ता गरी संचालनगर्न रोक लगाउन सक्नेछ।

**११. जरिवाना तथा थप दस्तुर लाग्ने :** यस कार्यविधिमा तोकिएकोसमयभित्र व्यवसाय नविकरण नगराएमा ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए भन्दा १० प्रतिशत थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ।

**१२. कर छुट तथा मिन्हा दिन सकिनेः**

गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने एकल महिला तथा अपाङगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास (५०) प्रतिशत छुट दिन सकिनेछ।

**१३. प्रतिलिपि दिने सक्नेः**

व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तैअन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा वडा कार्यालयले आवश्यक जांचवुझ गरी रु. पाँच सय (५००) प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारीगर्न सक्नेछ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिनसक्ने :**

प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित वडा कार्यालयमा सिफारिसको लागि निवेदन पर्न आएमा सो सम्बन्धमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. पाँच सय (५००) दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ।

**१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाही हुनेः**

प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै व्यवसायपनि वडा क्षेत्रभित्र संचालन गरेकको पाईएमा कार्यालयले सम्बन्धितव्यवसायीलाई १५(पन्ध्र) दिनको म्याद दिई व्यवसाय दर्तागर्नको लागि निर्देशन दिनुपर्नेछ।यदि १५ दिन भित्र पनि ब्यबसाय दर्ता गर्न नआएमा एक चोटी रु ५००/-, दोश्रो चोटी रु १०००/-र तेश्रो चोटी रु २०००/- दण्ड जरिवाना गरी ब्यबसाय नै बन्द गर्न बाध्य हुनेछ। रु १० हजार सम्म पुँजी लगानी गरी ब्यबसाय संचालन गर्नेको हकमा यो कार्यविधि अनुसारको दण्ड लाग्नेछ।

१६. वाधा अडकाउ फुकाउने अधिकारः

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ।

१७. खारेजी तथा बचाउः

ऋषिङ गाउँपालिका, तनहुँ

यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## ऋषिङ्ग तनहुँ
## गण्डकी प्रदेश, नेपाल

व्यवसायको विवरण

| सि.नं. | बिबरण |
|---|---|
| १. | व्यापारिक वस्तु |
| १.१. | सुन, चाँदी बिक्रेता |
| १.२. | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक / वितरक |
| १.३. | चुरोट, रक्सी |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा बिक्रेता |
| १.४. | हलुकापेय पदार्थको थोक बिक्रेता |
| १.५. | निर्माण सामाग्री |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक बिक्रेता |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा बिक्रेता |
| | ग) अन्य निर्माण समाग्रीहरु |
| | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा |
| १.६. | विद्युत / सोलार विक्रेता |
| | क) बिजुलीको सामान थोक विक्रेता |
| | ख) बिजुलीका सामान खुद्रा विक्रेता |
| | ग) सौर्यऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विक्रेता |
| १.७. | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा |
| १.८. | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| १.९ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता |

ऋषिङ गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ख) ग्यास तथा मट्टितेल  विक्रेता |
| २.० | टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता |
| २.१ | खाद्यान्न किराना पसल |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा विक्रेता |
| २.२ | फलफुल तथा तरकारी विक्रेता |
| २.३. | स्वदेश तथाविदेशी कपडा, तयारी पोसाक र जुत्ता  विक्रेता |
| २.४. | अन्य सेवा |
| | क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख) पेन्टिङ्ग सेवा |
| | ग) पशु वधसाला |
| | घ) मासु विक्रेता |
| | ङ) पुल हाउस |
| २.५. | सिसा प्लाईउड विक्रेता |
| २.६. | भाँडाकुडा विक्रेता |
| २.७. | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता |
| २.८. | खेलौना तथा उपहार(गिफ्ट) र कस्मेटिक विक्रेता |
| २.९. | केवुल / नेटवर्किङ्ग सेवा |
| ३.०. | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) दुग्ध डेरी |
| | ग) बेकरी तथा कफी सप |
| ३.१. | परामर्शसेवा |
| ३.२ | सामान ढुवानीकर्ता कम्पनी |
| ३.३ | उत्पादनमूलक उद्योग |
| | क) ब्लक, इट्टा तथा प्लास्टीक उद्योग |
| | ख) अन्य साना घरेलु उद्योग |
| | ग) कलर ल्याब |
| ३.४ | फर्निचर उद्योग |
| | क) ट्रली समेत राखेको–मिलस उद्योग |

ऋषिङ गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ख) स–मिल तथा फर्निचर बनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| ३.५ | कृषितथा पशुपंक्षी फर्म/ समुह/ उद्योग, |
| | क) पचास लाख भन्दा माथि पूँजी भएको |
| | ख) पन्ध्र देखि पचास लाखसम्मको |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मको |
| | घ) पाँच लाखसम्मको |
| ३.६ | खनिज उद्योग |
| ३.७ | पर्यटन उद्योग( होटल, लज तथा रेष्टुरा |
| | क वर्ग |
| | ख वर्ग |
| | ग वर्ग |
| ३.८ | सेवा उद्योग |
| | क) सिनेमा हल |
| | ख) अफसेट प्रेस |
| | ग) लेजर प्रेस |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता |
| | ङ) अडियो क्यासेट विक्रेता |
| | च) हवाई सेवा बुकिङ काउन्टर |
| | छ) सार्वजनिक परिवहन बुकिङ काउन्टर |
| ३.९ | क्रसर तथा बालुवा प्रशोधनउद्योग |
| ४.० | संचार सेवा(रेडियो एफ.एम.) |
| | क) फोन,फ्याक्स इमेल, इन्टरनेट तथा फोटोकपी (साइवर)सेवा |
| | ख) कुरियर सेवा |
| | ग) अखबार छपाई तथा प्रकाशन |
| | घ) रेडियो एफ.एम. |
| | ङ) केबुल टेलिभिजन, डिस होम र इन्टरनेट सेवा |
| ४.१ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता |
| ४.२ | वित्तीय सेवा |
| | क) निजी क्षेत्रको आर्थिक कारोबार गर्ने‘क’ बर्गका बैंकको शाखा |
| | ख) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' ख' बर्गका बैंकको शाखा |

ऋषिङ्ग गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ग) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' ग' बर्गका बैंकको शाखा |
| | घ) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' घ' बर्गका बैंकको शाखा |
| | ङ) विमा कम्पनी शाखा |
| | च) सहकारी बैंक तथा अन्य वित्तिय संस्था |
| ४.३ | विदेशी मुद्रा सटही काउन्टर |
| ४.४ | धितो पत्र कारोबार |
| ४.५ | सहकारी संस्था |
| | क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ग) अन्य सहकारी संस्था |
| ४.६ | स्वास्थ्य सेवा |
| | क) गैर सरकारी अस्पताल |
| | ख) नर्सिङ होम/ पोलिक्लिनिक |
| | ग) मेडिकल फर्मा |
| ४.७ | विद्युत / इन्धन कुटान पिसान मिल |
| | पानी घट्ट , मिल |
| | १ मेघावाट सम्मको जलविद्युत आयोजना |
| ४.८ | जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी |
| ४.९ | विज्ञापन एजेन्सी |
| ५.० | मनोरन्जन सम्बन्धी व्यवसाय |
| | ट्रेकिङ, क्याकिङ, क्यानोयिङ, बन्जी जम्पिङ, जिप फ्लायर र रयाफ्टिङ, प्याराग्लाइडिङ व्यवसाय |
| ५.१ | तालिम केन्द्र |
| | क) टाईपिङ तथा कम्प्यूटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण |
| | ख) सिलाईबुनाई तथा ब्युटीपार्लर र अन्य साना प्रशिक्षण केन्द्र |
| ५.२ | मर्मत सम्भार/वर्कशप |
| | क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, टयाक्टर |
| | ख) मोटरसाईकल, टेम्पो |
| | ग) टि.भि., फ्रिज, मोटर, पंखा,हिटर |
| | घ) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन, स्टोप, ग्यास चुल्हो आदि |
| | ङ) साईकल मर्मत तथा बिक्री |

ऋषिङ गाउँपालिका, तनहुँ

| | |
|---|---|
| ५.३ | विविध व्यवसाय |
| | कपडा, जुत्ता तथा फेन्सी पसल<br>मेशिनरी पार्टपुर्जा पसल |
| | पान पसल |
| | खाना तथा नास्ता पसल |
| | मिठाई तथा चिया पसल |
| | पोल्ट्री,पशु फर्म/ दाना डिपो/ एग्रोभेट |
| | कन्सल्टेन्सी |
| ५.५ | सप्लायर्स |
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स |
| ५.६ | टेन्ट हाउस |
| ५.७ | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता |
| ५.८ | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता |
| ५.९ | संस्था दर्ता |
| | नाफामुलक |
| | गैरनाफामुलक |
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ६.० | कवाडी व्यवसाय |
| ६.१ | अन्य व्यवसाय दर्ता |

ऋषिङ गाउँपालिका, तनहुँ

**अनुसूची–२**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित**

**ऋषिङ्ग गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**व्यवसाय दर्ता/नविकरण निवेदन फाराम**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ऋषिङ्ग गाउँपालिका, तनहुँ
गण्डकी प्रदेश, नेपाल ।

**विषय : व्यवसाय दर्ता / नविकरण गर्न अनुमति पाउँ।**

मैले/हामी निम्न स्थानमा .................................... . व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०८० को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१.व्यवसायीको नाम, थर : ......................................

२. स्थायी ठेगाना: .................. जिल्ला ............. गा.पा./न.पा ............ वडा नं...............

३. नागरिकता नं.:............ जारी जिल्ला र गते :..............

४. फर्म/कम्पनीको नाम : ..............................

५. व्यवसाय रहनेस्थानको ठेगाना वडा नं. ..................

फोन नं. : ........... इमेल :................

६.व्यवसायको प्रकृति:.......................

७. कारोबार गर्ने वस्तु :....................

८. लगानी (रु.मा) : ..............

९.व्यवसाय वहालमा रहेको भएघरको घरधनीको नाम, थर.............

ठेगाना : ...... वडा नं. ......

१०. व्यवसाय सञ्चालनमा रहेको मिति-.......................

मिति : ..................

निवेदकको दस्तखत

ऋषिङ गाउँपालिका, तनहुँ

अनुसूची ३

दफा ४ को उपदफा( ३) सँग सम्बन्धित)

**ऋषिङ्ग गाउँपालिका**

....... नं वडा कार्यालय

**पोखरीभञ्जाङ्ग, तनहुँ**

गण्डकी प्रदेश, नेपाल

**व्यवसाय दर्ता किताव**

| क्र.स | व्यवसायको नामथर | ठेगाना | व्यवसायको प्रकार | पूँजी | एकलौटी | साझेदारी | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

ऋषिङ गाउँपालिका, तनहुँ

अनुसूची-४

दफा ४ को उपदफा(३) सँग सम्बन्धित

ऋषिङ्ग गाउँपालिका

..... नं वडा कार्यालय

गण्डकी प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :

प्रमाण पत्र नं.:

ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि द्दण्डण बमोजिम यो व्यवसाय प्रमाण-पत्र प्रदान गरिएको छ ।

व्यवसायको विवरण : एकल साझेदारी

१. (क) व्यक्तिको नामथर : ....................................

(ख) नागरिकता नं.: ....... जारी जिल्ला र मितिः.........

(ग) ठेगाना : ................... फोन नं. :...................

(घ) इमेल : ................ वेव साइटः................

२. व्यवसायको नामः.......................................

व्यवसाय रहने स्थान र ठेगाना : ............................

व्यवसाय सञ्चालन मिति :

पूँजीगत लगानी (रु.लाखमा):.......................... ( अ क्ष ा र म ा ) :..............................

३. व्यवसाय बहालमा रहको भए घरधनीको नाम ............

कारोबार गर्ने वस्तुवासेवाको विवरण :.........................

............

...............

ब्यवसायी

प्रमाणित गर्ने

शर्तहरु

१) प्रत्येक आ.व.को असोज मसान्त भित्र व्यवसाय नविकरण गरी सक्नु र्नेछप।

२) व्यवसाय गरी आएको स्थानबदल्नु परेवडा कार्यालयबाट पूर्व स्वीकृति लिपर्नेछ ।

ऋषिङ गाउँपालिका, तनहुँ

३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नुर्दाप वा छाड्न परेमाबाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउ पत्र लिनु पर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमासबैलेदेख्ने गरी राखिनु पर्दछवडार कार्यालयकोकर्मचारीहरुले हेर्नचाहेको बखत तुरुन्त देखाउनुपर्दछ ।

५) आफुले संचालन गरेको व्यवसबायमाल श्रमिकहरु प्रयोगर्न पाइने छैन।

६) आफुले संचालन गरेको व्यवसायकोमैलाफोहरतोकिएको स्थानमा राख्नु पर्नेछ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

ऋषिङ गाउँपालिका, तनहुँ

# ऋषिङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : ४ मितिः २०८०/०७/२२

## ऋषिङ्ग गाउँपालिकाको जलस्रोत नियमावली, २०८०

भाग-२

ऋषिङ गाउँपालिका, तनहुँ

# ऋषिङ्ग गाउँपालिकाको जलस्रोत नियमावली, २०८०

**प्रमाणीकरण मिति : २०८०।१०।२१**

**प्रस्तावना :**

ऋषिङ्ग गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवद्र्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम ऋषिङ्ग गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम ‘‘ऋषिङ्ग गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०८०’’ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएकोमिति देखि लागू हुनेछ।

**२. परिभाषा :** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) ‘‘कार्यविधि’’ भन्नाले ऋषिङ्ग गाउँपालिका व्यवसाय दर्ता कार्यविधि-२०८० सम्झनुपर्छ।

(ग) ‘‘गाउँपालिका’’ भन्नाले ऋषिङ्ग गाउँपालिका सम्झनुपर्दछ।

(घ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) ‘‘वडा कार्यालय’’ भन्नाले ऋषिङ्ग गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालय सम्झनुपर्दछ।

**३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्ने:**

गाउँपालिका क्षेत्रभित्र अनुसूची–१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि दर्ता नभई सञ्चालनमा आएका व्यवसायले यस कार्यविधि बमोजिम दर्ता गरि सञ्चालन गर्नुपर्नेछ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–२ मा उल्लेखित

ऋषिङ्ग गाउँपालिका, तनहुँ

ढाँचाको दरखास्त फाराम भरी वडा कार्यालय/ गाउँपालिकामा दिनु पर्नेछ।यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छः–

क) व्यवसायको नाम र ठेगाना, र फोटो PP साईज २ प्रति

ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,

घ) लगानी रकम

ङ) व्यवसायीको नाम र ठेगाना,

च) ब्यवसायीको नागरिकताको प्रतिलिपि,

छ) व्यवसाय रहने घरधनी / जग्गाधनी प्रमाण पत्र प्रतिलिपि १ पाना।

ज) घर जग्गा भाडामा लिई ब्यबसाय संचालन गरेको हकमा सम्झौता पत्र ।

झ) चौतर्फी सधियारको सहमति पत्र र नागरिकताको फोटोकपी।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिका/वडा कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ताभएपछि सम्बन्धित गाउँपालिका/वडा कार्यालयले दर्ताभएको व्यवसायको विवरण अनुसूची–३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची–४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउँनुपर्नेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नुपर्ने भएमा ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

**५. व्यवसायको नविकरण गर्नुपर्नेः**

दफा ४ बमोजिम वडामा दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ। नविकरण शुल्क ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ। एक आर्थिक वर्षभन्दा बढी नविकरण नभएमा प्रत्येक वर्षको शुल्कमा १० प्रतिशत जरीवाना लिएर पुन: नवीकरण गर्न सकिनेछ।

**६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** दफा नं ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध (१५) दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी गाउँपालिका/वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

उपदफा (१) बमोजिम निवदेन परेमा गाउँपालिका/वडा कार्यालयले आवश्यक जाँचबुझ गरी ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँ सारीको लागि निवेदन परेमा गाउँपालिका/वडाकार्यालयले आवश्यक जाँचबुझ गरी वडा कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिश प्राप्त भएकोमा नामसारी हुने ठाउँ गाउँपालिका/वडा कार्यालयले ब्यबसाय दर्ता कितावमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउ‘सारीको जानकारी दिनु पर्नेछ।

उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने गाउँपालिका/वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित वडा कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीकोलागि निवेदन पेश गरेपछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित वडा कार्यालयको हुनेछ।

ऋषिङ गाउँपालिका, तनहुँ

**८. वडा कार्यालयले विवरण माग गर्न,निर्देशन दिन र अनुगमन गर्न सक्ने :**

कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा वडा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिनसक्नेछ।

यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ। यस सम्बन्धमावडा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

**९. व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने :**

गाउँपालिका/वडा कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

**१०. व्यवसाय दर्ता खारेज गर्न सकिनेः**

यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित गाउँपालिका/वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयलेआवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार असूल गरी लगत कट्टा गरिदिने छ।

प्रचलित कानून विपरित कारोबार गरेमा, पेशाव्यवसाय संचालन गरेमा वावडा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा वडा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ।

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्वव्यवसायीलाई सफाई पेश गर्ने मौका पर्याप्त दिनु पर्नेछ।

उपदफा (४) बमोजिम वडा कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको

ऋषिङ गाउँपालिका, तनहुँ

नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसायदर्ता गरी संचालनगर्न रोक लगाउन सक्नेछ ।

**११. जरिवाना तथा थप दस्तुर लाग्ने :** यस कार्यविधिमा तोकिएकोसमयभित्र व्यवसाय नविकरण नगराएमा ऋषिङ्ग गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए भन्दा १० प्रतिशत थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

**१२. कर छुट तथा मिन्हा दिन सकिनेः**

गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने एकल महिला तथा अपाङगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास (५०) प्रतिशत छुट दिन सकिनेछ ।

**१३. प्रतिलिपि दिने सक्नेः**

व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तैअन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा वडा कार्यालयले आवश्यक जांचवुझ गरी रु. पाँच सय (५००) प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारीगर्न सक्नेछ ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिनसक्ने :**

प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित वडा कार्यालयमा सिफारिसको लागि निवेदन पर्न आएमा सो सम्बन्धमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. पाँच सय (५००) दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

**१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाही हुनेः**

प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै व्यवसायपनि वडा क्षेत्रभित्र संचालन गरेकको पाईएमा कार्यालयले सम्बन्धितव्यवसायीलाई १५(पन्ध्र) दिनको म्याद दिई व्यवसाय दर्तागर्नको लागि निर्देशन दिनुपर्नेछ ।यदि १५ दिन भित्र पनि ब्यबसाय दर्ता गर्न नआएमा एक चोटी रु ५००/-, दोश्रो चोटी रु १०००/-र तेश्रो चोटी रु २०००/- दण्ड जरिवाना गरी ब्यबसाय नै बन्द गर्न बाध्य हुनेछ । रु १० हजार सम्म पुँजी लगानी गरी ब्यबसाय संचालन गर्नेको हकमा यो कार्यविधि अनुसारको दण्ड लाग्नेछ ।

१६. वाधा अडकाउ फुकाउने अधिकारः

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

१७. खारेजी तथा बचाउः

ऋषिङ गाउँपालिका, तनहुँ

यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## ऋषिङ्ग तनहुँ
## गण्डकी प्रदेश, नेपाल

व्यवसायको विवरण

| सि.नं. | बिबरण |
|---|---|
| १. | व्यापारिक वस्तु |
| १.१. | सुन, चाँदी बिक्रेता |
| १.२. | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक / वितरक |
| १.३. | चुरोट, रक्सी |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा बिक्रेता |
| १.४. | हलुकापेय पदार्थको थोक बिक्रेता |
| १.५. | निर्माण सामाग्री |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक बिक्रेता |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा बिक्रेता |
| | ग) अन्य निर्माण समाग्रीहरु |
| | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा |
| १.६. | विद्युत / सोलार विक्रेता |
| | क) बिजुलीको सामान थोक विक्रेता |
| | ख) बिजुलीका सामान खुद्रा विक्रेता |
| | ग) सौर्यऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विक्रेता |
| १.७. | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा |
| १.८. | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| १.९ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता |

ऋषिङ्ग गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ख) ग्यास तथा मट्टितेल विक्रेता |
| २.० | टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता |
| २.१ | खाद्यान्न किराना पसल |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा विक्रेता |
| २.२ | फलफुल तथा तरकारी विक्रेता |
| २.३. | स्वदेश तथाविदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता |
| २.४. | अन्य सेवा |
| | क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख) पेन्टिङ्ग सेवा |
| | ग) पशु वधसाला |
| | घ) मासु विक्रेता |
| | ङ) पुल हाउस |
| २.५. | सिसा प्लाईउड विक्रेता |
| २.६. | भाँडाकुडा विक्रेता |
| २.७. | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता |
| २.८. | खेलौना तथा उपहार(गिफ्ट) र कस्मेटिक विक्रेता |
| २.९. | केवुल / नेटवर्किङ्ग सेवा |
| ३.०. | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) दुग्ध डेरी |
| | ग) बेकरी तथा कफी सप |
| ३.१. | परामर्शसेवा |
| ३.२ | सामान ढुवानीकर्ता कम्पनी |
| ३.३ | उत्पादनमूलक उद्योग |
| | क) ब्लक, इट्टा तथा प्लास्टीक उद्योग |
| | ख) अन्य साना घरेलु उद्योग |
| | ग) कलर ल्याब |
| ३.४ | फर्निचर उद्योग |
| | क) ट्रली समेत राखेको–मिलस उद्योग |

ऋषिङ्ग गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ख) स–मिल तथा फर्निचर बनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| ३.५ | कृषितथा पशुपंक्षी फर्म/ समुह/ उद्योग, |
| | क) पचास लाख भन्दा माथि पूँजी भएको |
| | ख) पन्ध्र देखि पचास लाखसम्मको |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मको |
| | घ) पाँच लाखसम्मको |
| ३.६ | खनिज उद्योग |
| ३.७ | पर्यटन उद्योग( होटल, लज तथा रेष्टुरा |
| | क वर्ग |
| | ख वर्ग |
| | ग वर्ग |
| ३.८ | सेवा उद्योग |
| | क) सिनेमा हल |
| | ख) अफसेट प्रेस |
| | ग) लेजर प्रेस |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता |
| | ङ) अडियो क्यासेट विक्रेता |
| | च) हवाई सेवा बुकिङ काउन्टर |
| | छ) सार्वजनिक परिवहन बुकिङ काउन्टर |
| ३.९ | क्रसर तथा बालुवा प्रशोधनउद्योग |
| ४.० | संचार सेवा(रेडियो एफ.एम.) |
| | क) फोन,फ्याक्स इमेल, इन्टरनेट तथा फोटोकपी (साइवर)सेवा |
| | ख) कुरियर सेवा |
| | ग) अखबार छपाई तथा प्रकाशन |
| | घ) रेडियो एफ.एम. |
| | ङ) केबुल टेलिभिजन, डिस होम र इन्टरनेट सेवा |
| ४.१ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता |
| ४.२ | वित्तीय सेवा |
| | क) निजी क्षेत्रको आर्थिक कारोबार गर्ने‘क’ बर्गका बैंकको शाखा |
| | ख) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' ख' बर्गका बैंकको शाखा |

ऋषिङ गाउँपालिका, तनहुँ

| | |
|---|---|
| | ग) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' ग' बर्गका बैंकको शाखा |
| | घ) निजी क्षेत्रकोआर्थिक कारोवार गर्ने ' घ' बर्गका बैंकको शाखा |
| | ङ) विमा कम्पनी शाखा |
| | च) सहकारी बैंक तथा अन्य वित्तिय संस्था |
| ४.३ | विदेशी मुद्रा सटही काउन्टर |
| ४.४ | धितो पत्र कारोबार |
| ४.५ | सहकारी संस्था |
| | क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ग) अन्य सहकारी संस्था |
| ४.६ | स्वास्थ्य सेवा |
| | क) गैर सरकारी अस्पताल |
| | ख) नर्सिङ होम/ पोलिक्लिनिक |
| | ग) मेडिकल फर्मा |
| ४.७ | विद्युत / इन्धन कुटान पिसान मिल |
| | पानी घट्ट , मिल |
| | १ मेघावाट सम्मको जलविद्युत आयोजना |
| ४.८ | जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी |
| ४.९ | विज्ञापन एजेन्सी |
| ५.० | मनोरन्जन सम्बन्धी व्यवसाय |
| | ट्रेकिङ, क्याकिङ, क्यानोयिङ, बन्जी जम्पिङ, जिप फ्लायर र रयाफ्टिङ, प्याराग्लाइडिङ व्यवसाय |
| ५.१ | तालिम केन्द्र |
| | क) टाईपिङ तथा कम्प्यूटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण |
| | ख) सिलाईबुनाई तथा ब्युटीपार्लर र अन्य साना प्रशिक्षण केन्द्र |
| ५.२ | मर्मत सम्भार/वर्कशप |
| | क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, टयाक्टर |
| | ख) मोटरसाईकल, टेम्पो |
| | ग) टि.भि., फ्रिज, मोटर, पंखा,हिटर |
| | घ) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन, स्टोप, ग्यास चुल्हो आदि |
| | ङ) साईकल मर्मत तथा बिक्री |

ऋषिङ गाउँपालिका, तनहुँ

| | |
|---|---|
| ५.३ | विविध व्यवसाय |
| | कपडा, जुत्ता तथा फेन्सी पसल<br>मेशिनरी पार्टपुर्जा पसल |
| | पान पसल |
| | खाना तथा नास्ता पसल |
| | मिठाई तथा चिया पसल |
| | पोल्ट्री,पशु फर्म/ दाना डिपो/ एग्रोभेट |
| | कन्सल्टेन्सी |
| ५.५ | सप्लायर्स |
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स |
| ५.६ | टेन्ट हाउस |
| ५.७ | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता |
| ५.८ | सुर्ती  पसल थोक तथा खुद्रा विक्रेता |
| ५.९ | संस्था दर्ता |
| | नाफामुलक |
| | गैरनाफामुलक |
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ६.० | कवाडी व्यवसाय |
| ६.१ | अन्य व्यवसाय दर्ता |

ऋषिङ गाउँपालिका, तनहुँ

## अनुसूची–२
**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित**

**ऋषिङ्ग गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**व्यवसाय दर्ता/नविकरण निवेदन फाराम**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ऋषिङ्ग गाउँपालिका, तनहुँ
गण्डकी प्रदेश, नेपाल ।

**विषय : व्यवसाय दर्ता / नविकरण गर्न अनुमति पाउँ।**

मैले/हामी निम्न स्थानमा .................................... . व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०८० को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१.व्यवसायीको नाम, थर : ......................................

२. स्थायी ठेगानाः .................. जिल्ला ............. गा.पा./न.पा ............ वडा नं...............

३. नागरिकता नं.:............ जारी जिल्ला र गते :...............

४. फर्म/कम्पनीको नाम : ...............................

५. व्यवसाय रहनेस्थानको ठेगाना वडा नं. ..................

फोन नं. : ........... इमेल :................

६.व्यवसायको प्रकृतिः.......................

७. कारोबार गर्ने वस्तु :....................

८. लगानी (रु.मा) : ..............

९.व्यवसाय वहालमा रहेको भएघरको घरधनीको नाम, थर.............

ठेगाना : ...... वडा नं. ......

१०. व्यवसाय सञ्चालनमा रहेको मिति-......................

मिति : ..................

निवेदकको दस्तखत

ऋषिङ गाउँपालिका, तनहुँ

अनुसूची ३

दफा ४ को उपदफा( ३) सँग सम्बन्धित)

## ऋषिङ्ग गाउँपालिका

....... नं वडा कार्यालय

**पोखरीभञ्जाङ्ग, तनहुँ**

गण्डकी प्रदेश, नेपाल

### व्यवसाय दर्ता किताव

| क्र.स | व्यवसायको नामथर | ठेगाना | व्यवसायको प्रकार | पूँजी | एकलौटी | साझेदारी | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

ऋषिङ गाउँपालिका, तनहुँ

अनुसूची-४

दफा ४ को उपदफा(३) सँग सम्बन्धित

ऋषिङ्ग गाउँपालिका

..... नं वडा कार्यालय

गण्डकी प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :

प्रमाण पत्र नं.:

ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि द्दण्डण बमोजिम यो व्यवसाय प्रमाण-पत्र प्रदान गरिएको छ ।

व्यवसायको विवरण : एकल                                                    साझेदारी

१. (क) व्यक्तिको नामथर : ......................................

(ख) नागरिकता नं.: ....... जारी जिल्ला र मितिः.........

(ग) ठेगाना : ................... फोन नं. :...................

(घ) इमेल : ................ वेव साइटः.................

२. व्यवसायको नामः........................................

व्यवसाय रहने स्थान र ठेगाना : ............................

व्यवसाय सञ्चालन मिति :

पूँजीगत लगानी (रु.लाखमा):........................... ( अ क्षा र मा )

:...............................

३. व्यवसाय बहालमा रहको भए घरधनीको नाम ............

कारोबार गर्ने वस्तुवासेवाको विवरण :.........................

............

...............

ब्यवसायी

प्रमाणित गर्ने

शर्तहरु

१) प्रत्येक आ.व.को असोज मसान्त भित्र व्यवसाय नविकरण गरी सक्नु र्नेछप।

२) व्यवसाय गरी आएको स्थानबदल्नु परेवडा कार्यालयबाट पूर्व स्वीकृति लिपर्नुछ ।

ऋषिङ गाउँपालिका, तनहुँ

३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नुर्दाप वा छाड्न परेमाबाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउ पत्र  लिनु पर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमासबैलेदेख्ने गरी राखिनु पर्दछवडार कार्यालयकोकर्मचारीहरुले हेर्नचाहेको बखत तुरुन्त देखाउनुपर्दछ ।

५) आफुले संचालन गरेको व्यवसबायमाल श्रमिकहरु प्रयोगर्न पाइने छैन।

६) आफुले संचालन गरेको व्यवसायकोमैलाफोहरतोकिएको स्थानमा राख्नु पर्नेछ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

ऋषिङ गाउँपालिका, तनहुँ